नेपाल सरकार

उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय

# कम्पनी रजिष्ट्रारको कार्यालय

त्रिपुरेश्वर, काठमाडौं, नेपाल ।

मितिः२०८१/११/०४

## राष्ट्रिय परिचयपत्र विवरण संकलन सम्बन्धी सूचना।।

यस कम्पनी रजिष्ट्रारको कार्यालय,त्रिपुरेश्वरमा कम्पनी दर्ता तथा कम्पनी प्रशासन सम्बन्धी कार्य गर्नका लागि आवश्यक पर्ने राष्ट्रिय परिचयपत्रको विवरण दर्ता संकलनका लागि यस कार्यालयमा आउनुहुने सेवाग्राहीहरुले तपसिल बमोजिमको कागजात सहित यथासिघ्र परिचयपत्रको विवरण संकलन गर्नु/गराउनु हुन आदेशानुसार अनुरोध छ।

आवश्यक कागजातहरु

**१.नेपाली नागरिकताको प्रमाणपत्र सक्कल(२०७८ साल पछिको नागरिकतामा स्टीकर नभए मान्य नहुने, नागरिकताको फोटो स्पष्ट नभए मान्य नहुने)**

**२.बाबु/ आमाको नागरिकता प्रमाणपत्रको प्रतिलिपी ( उपलब्ध भएसम्म)**

**३. नागरिकता प्रमाणपत्रमा जन्ममिति वा जारीमिति नखुलेको हकमा सो खुल्ने प्रमाणपत्र**

**४.राहादानी लिएको भए सोको सक्कल वा प्रतिलिपी**

**५.बसाईसराई गरेको भए सोको प्रमाणपत्र**

**६.एकल महिलाको हकमा पतिको मृत्युदर्ताको प्रमाणपत्र**

**७.सम्बन्ध विच्छेदको हकमा सम्बन्ध विच्छेद दर्ताको सक्कल प्रमाणपत्र**

**८.विवाहितको हकमा नागरिकता प्रमाणपत्रमा पति/पत्नीको नाम उल्लेख नभएमा विवाह दर्ताको प्रमाणपत्र सक्कल**

**९. राष्ट्रिय परिचयपत्रको अनलाइन आवेदन फारम**

..................

**(नृपराज उपाध्याय)**

**सहायक रजिष्ट्रार**